# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, साउन ५ गते २०६० साल (संख्या १५

## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाल नेत्रहीन संघ, काठमाडौंलाई नर्वेजियन एसोसियसन अफ द ब्लाइन्ड एन्ड पार्सिएल्ली साइटेड (एनएबीटी) ले उपहारस्वरूप प्रदान गरेको युरो ८३,५२०.०० मूल्य बराबरका Heidelberg-SORM, 1986, Machine no. 524838, ca 27,2 mio impressions and Heidelberg-QM 46-2, year 1996 मेसिनहरू र त्यसमा प्रयोग हुने पार्ट्स आयात गर्दा लाग्ने भन्सार महसुल १ प्रतिशत असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी बौद्ध बिहार सघ, ललितपुरका लागि भारतको Hospital Supply Company बाट उपहारस्वरूप प्राप्त हुने भारु. ५१,८८६।- मूल्य बराबरका औषधि उपचारका सामग्रीहरू आयात गर्दा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी रोटरी क्लब अफ काठमाडौंमार्फत नेपालका विभिन्न स्वास्थ्य केन्द्रहरूमा प्रयोग गर्ने गरी Rotary Club of Cincinati, Ohio र Rotary Club of Louisville, Kentucky बाट उपहारस्वरूप प्राप्त हुने अमेरिकी डलर २,०००.०० मूल्य बराबरका चिकित्सा सामग्रीहरू आयात गर्दा लाग्ने भन्सार महसुल १ प्रतिशत असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ४

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी अर्थोपेडिक हस्पिटल, काठमाडौंका लागि Hope For Tomorrow Foundation, USA नामक संस्थाबाट उपहारस्वरूप प्राप्त हुने अमेरिकी डलर १,२०५.०० मूल्य बराबरका चिकित्सा उपकरण तथा औषधिहरू आयात गर्दा लाग्ने भन्सार महसुल १ प्रतिशत असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सहसचिव



मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। २९५